लुम्बिनी प्रदेश सरकार

# लुम्बिनी प्रदेश योजना आयोग

राप्ती उपत्यका (देउखुरी), नेपाल

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा ३ र नियमावली २०६५ को नियम ३ बमोजिम

## आ. व. २०८१।८२ को चौथो त्रैमासिक (बैशाख-असार) अवधिको स्वतः प्रकाशन

### १. कार्यालयको स्वरुप र प्रकृतिः

प्रदेश सरकार (मन्त्रिपरिषद)को मिति २०७४ चैत्र ०६ गतेको निर्णय अनुसार लुम्विनी प्रदेश प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ स्वीकृत भई सोही मितिको निर्णयाअनुसार प्रदेश योजना आयोगको गठन गरिएको हो। प्रदेश योजना आयोग विकासमा आधारित संस्था हो। प्रदेशको दुरगामी सोच सहित विकासको अवधारणा तयार गर्ने, योजनाको लक्ष्य तथा उद्देश्य निर्धारण गर्ने, दीर्घकालिन र अल्पकालिन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश सरकारका महत्वपूर्ण नीति तथा कार्यक्रम र आयोजनाहरुको अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट सूचनाहरुको अध्ययन एवम् विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने संस्थाको रुपमा प्रदेश योजना आयोग गठन भएको हो |

### २. कार्यालयको काम, कर्तव्य र अधिकार

(क) प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोंच सहितको दीर्घकालिन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गर्ने

(ख) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने

(ग) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने

(घ) राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्न लगाउने

(ङ) अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने

(च) अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरुको तर्जुमा गर्ने, गराउने

(छ) प्रदेशको स्थिती पत्र, श्वेतपत्र तयार गर्ने,


(ज) वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने ।

## १.३ संगठन संरचना र जनशक्ति विवरण


लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८० बमोजिम लुम्बिनी प्रदेश योजना आयोगको अध्यक्ष लुम्बिनी प्रदेश सरकारका माननीय मुख्यमन्त्री रहने व्यवस्था रहेको छ। माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा आयोगको सांगठनिक संरचना देहाय बमोजिम रहने व्यवस्था छ।

### १.३.१ संगठन संरचना

चित्र नं.-१




*नोटः आयोगको नियमित बैठकमा पदेन सदस्यको उपस्थिति अनिवार्य गरिएको छैन।*




*नोट : १ जना हलुका सवारी चालक आयोगका माननीय उपाध्यक्षको पदको नियूक्तिसँगै कायम हुने र पद रिक्त वा पदमुक्त भएमा स्वत : पदमुक्त हुने।*

३. कार्यालयको कर्मचारी दरवन्दी तथा पदपुर्तिको अवस्था

| सि.नं. | पद | कुल दरबन्दी | पदपूर्ति | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | | |
| १ | प्रदेश सचिव | १ | १ | | ० | |
| २ | अधिकृत नवौ/दशौ | १ | ० | | १ | |
| ३ | अधिकृत सातौ/आठौ | १ | ० | | १ | |
| ४ | तथ्याङ्क अधिकृत | १ | १ | | ० | |
| ५ | सहायक पाँचौ/अ.छैठौं(प्र/सा.प्र) | २ | १ | | १ | |
| ६ | लेखापाल | १ | | | १ | |
| ७ | कम्प्यूटर(विविध) | २ | १ | | १ | |
| ८ | ह.स.चा. | ३ | | २ | १ | |
| ९ | का.स. | ३ | | २ | १ | |
| १० | जम्मा | १५ | ४ | ४ | ७ | |

४. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी तथा सम्बन्धित शाखा प्रमुख

| क्रं.सं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | खिम बहादुर कुँवर | प्रदेश सचिव | |
| २ | तथ्याङ्क समन्वय शाखा | मेघराज पौडेल | बरिष्ठ तथ्याङ्क अधिकृत | |
| ३ | प्रशासन तथा योजना | महेन्द्र प्रसाद चौधरी | अधिकृत (प्रशासन) | |
| ४ | आर्थिक प्रशासन शाखा | उमेश रावत | अधिकृत (लेखा) | |
| ५ | जिन्सी शाखा | सुरेश कुमार चौधरी | अधिकृत (कम्प्युटर) | |

## ५. निर्णय गर्ने अधिकारी

प्रदेश सचिव श्री खिम बहादुर कुँवर

## ६. उजुरी सुन्ने अधिकारी

प्रदेश सचिव श्री खिम बहादुर कुँवर

## ७. यस अवधि (चौथो-त्रैमासिक) मा सम्पादित मुख्य मुख्य कामको विवरण

- बहुवर्षीय आयोजनाहरुको ठेक्का सहमति।
- स्थानीय तहमार्फत सञ्चालन हुने प्रदेश विशेष अनुदानका आयोजनाहरुको छनौट गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस ।
- बहुपक्षीय सहभागितासहितको *स्वच्छ तथा पोषणयुक्त खाद्यमा सबैको पँहुच विषयक* खाद्य प्रणाली सम्बाद कार्यक्रम।
- आयोगको पूर्ण तथा नियमित वैठकहरु।

८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम तथा पद

कार्यालय प्रमुख: खिम बहादुर कुँवर, सचिव (सम्पर्क नम्बर ९८५७०८५१६८)

सूचना अधिकारी: मेघराज पौडेल, बरिष्ठ तथ्याङ्क अधिकृत (सम्पर्क नम्बर ९८५७८५०२०२)

९. आयोगसंग सम्बन्धित प्रमुख ऐन, नियम, निर्देशिका तथा मापदण्ड

- लुम्बिनी प्रदेश योजना आयोग गठन तथा कार्य संचालन आदेश, २०८०
- आवधिक योजना तर्जुमाका लागि संस्थागत व्यवस्था सम्बन्धी कार्यविधि, २०८०
- प्रदेश आयोजनाको वहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८१
- शोधवृति सम्बन्धी कार्यविधि, २०७८
- प्रदेश गौरवका आयोजना निर्धारण सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६
- प्रदेश अनुगमन तथा मुल्याङ्कन दिग्दर्शन, २०७५

१० आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

| सि.नं. | क्रियापलाप | वार्षिक वजेट | असार महिनासम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु तर्फ | २,४०,२६,००० | १,१९,२६,२५० | ४९.६५ |
| २ | पूँजीगत तर्फ | ११,९९,००० | २,१०,७०४ | १७.५७ |
| | जम्मा | २,५२,२५,००० | १,२१,३६,९५४ | ४८.१२ |

११. कार्यालयको सम्पर्क विवरण

टेलिफोन नम्वर : ०८२-४१३१०५

इमेल : **infoppc.p5@gmail.com**

**ppcl@lumbini.gov.np**

वेबसाइट : **ppc.lumbini.gov.np**

डेटा पोर्टल : **data.lumbini.gov.np**

१२. यस अवधिमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय :

माग भएको सूचना : ० पटक

दिइएको सूचना : ० पटक

१३. यस अवधिमा प्रकाशित प्रकाशनहरु : -